नि:शुल्क दन्त शिविरमा १ सय ७ जनाको उपचार । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, अंक-४९ ● २०८० असार ०४ गते सोमबार, ● 19 Jun, 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## नीति तथा कार्यक्रमका लागि सुझाव संकलन



◆ विकास संवाददाता

आगामी आर्थिक वर्षका लागि निर्माण गरिने नीति तथा कार्यक्रमका लागि मकवानपुरको थाहा नगरपालिकाले सुझाव संकलन गरेको छ । नगरको विकासका लागि सरोकारवालासँग नगरले २ असारमा कार्यक्रमको आयोजना गरी सुझाव लिएको हो ।

कार्यक्रममा सिटिइभिटिका पूर्व सदस्यसचिव डाक्टर रामहरी लामिछानेले शैक्षिक नक्शांकन आवश्यक रहेको बताए । आधारभूत शिक्षा व्यवस्थापन, नियमनको अधिकार पालिकालाई भएकोले यसतर्फ ध्यान दिन नगर नेतृत्वको ध्यानाकर्षण गराए । उनले विद्यालयमा रैथाने परिकार बनाई पौष्टिकता र प्रवर्द्धन दुवै संगसंथगै गर्न आग्रह गरे ।उनले शिक्षक केन्द्रित नभई विद्यार्थी केन्द्रित शिक्षा नीति आवको आवश्यकता भएको बताए । एक स्कूल, २ खोलकुद अवधारणा ल्याए विद्यालयतहबाटै खेलाडी उत्पादन शुरू हुने सुझाव दिए । डाक्टर लामिछानेले पर्यटकलाई रैथाने उत्पादनसंग जोड्न आग्रह गरे । उनले भने-'पाउरोटी र चाउचाउ खान किन आउने पर्यटक ?' एक वडा एक पार्क, एक वडा एक उत्पादन, जस्ता कार्यक्रम घोषणा गरी कार्यान्वयन गर्न सुझाव दिए । पर्यटकीय प्याकेज नै नभएकाले पर्यटकीय आकर्षण थप बढ्न नसकेको बताउँदै मौलिक पूर्वाधार निर्माणमा समेत ध्यान दिन नगरपालिकालाई उनले सुझाव दिएका छन् ।

निर्माण व्यवसायी महासंघका पूर्व अध्यक्ष जयराम लामिछानेले आधारभूत पूर्वाधार विकासमा स्थानीय सरकारको सँधै प्राथमिकताको विषय हुनुपर्ने बताए । मौलिकता र प्रकृति संरक्षण अहिलेको चुनौति हुँदै गएको स्मरण गराउँदै यसको संरक्षण स्थानीय सरकारको दायित्व भएको धारणा राखे । लगानीमैत्री वातावरण बनाउनका लागि पनि स्थानीय तहले ध्यान दिनू आवश्यक रहेको बताउँदै यस क्षेत्रको विकासको ढोका चित्लाङ-थानकोट सडक नै भएकोले यसको निर्माणमा संघ प्रदेश सरकारलाई दबाब आवश्यक भएको बताए । स्थानीय शासन विज्ञ तथा पूर्व स्थानीय विकास अधिकारी भुवन प्रकाश विष्टले योजना निर्माण गर्दा आवधिक योजना, गुरूयोजनाहरू अध्ययन गरेर अघि बढ्नुपर्ने बताए । उनले योजना दराजमा थन्क्याएर सुझाव खोज्नू उपयुक्त नहुने धारणा राखे । वार्षिक होस् या दीर्घकालिन योजनाका सवालमा विना योजना र लक्ष्य नभई अघि नबढ्न सुझाव दिए । समपुरक कोषको व्यवस्था गरी साँझेदारीका योजनाहरूलाई आकर्षित गर्न सकिने विष्टको भनाइ थियो । उनले समग्र थाहानगरको विकासका लागि शुभचिन्तकहरूबीचको एउटा लुज नेटवर्क बनाएर अघि बढ्न नगरलाई प्रस्ताव गरे ।

थाहा नगरपालिकाका प्रथम नगर प्रमुख लवशेर विष्टले नीति आम नागरिकलाई देखाउने कुरा भएको बताउँदै जनप्रतिनीधि र कर्मचारीले नियत सफा राखेर काम गर्न सुझाव दिए । जनप्रतिनीधिले आफ्नो सेवा भोटसंग साट्ने प्रयास गरे त्यो नागरिकका लागि अन्याय हुने विष्टको भनाइ थियो । रैथाने सीपलाई आयआर्जनसंग जोड्ने कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याउन उनले जोड दिए । नीति जे राखे नि नागरिकको कमजोर आर्थिक स्रोतका कारण नागरिकको आवश्यकतामा काम गर्नुपर्ने भएकोले ठूला योजनाहरू संघ र प्रदेशसंगको सहकार्यमा गर्ने गरी योजना बनाउन उनले सुझाव दिए । विपद, सिंचाइ र पानीको स्रोत संरक्षणलाई समेत ध्यानमा राखी एक वडा एक पोखरी कार्यक्रम अघि सार्न उनको सुझाव थियो । विष्टले नागरिकलाई पानी खान पाइन भन्ने

- बाँकी पेज ६ मा

### बागमती प्रदेश सरकारबाट थाहाका लागि ७५ वटा योजना स्वीकृत

## साँढे ५४ करोड बजेट

विकास संवाददाता
थाहानगर




बागमती प्रदेश अन्तर्गतका विषयगत मन्त्रालय र निकायगत योजनामा थाहा नगरपालिकाको ७५ वटा योजना समावेश भएका छन् । बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक वर्ष २०८०/०८१ का लागि सार्वजनिक गरेको बजेट पुस्तिकामा यि योजनाहरू समावेश गरिएको हो । सबै योजनाका लागि ५४ करोड ५० लाख १६ हजार रूपियाँ बजेट विनियोजन भएको छ ।

बजेट पुस्तिकामा समेटिएको योजनाहरू अन्तर्गत सबैभन्दा बढि वडा नम्बर ७ उल्लेख भएका १३ वटा र सबैभन्दा कम वडा नम्बर १० को एउटा मात्र योजना समेटिएको छ भने साझा प्रकृतिका तथा पालिकासंग सम्बन्धीत १० वटा योजना स्वीकृत भएको छ । योजनाहरू अन्तर्गत वडा नम्बर १ मा ४ वटा योजनाका लागि ४८ लाख रूपियाँ बजेट विनियोजन भएको छ । वडा नम्बर २ मा ६ वटा योजनाका लागि ६८ लाख, वडा नम्बर ३ मा ७ वटा योजनाका लागि ३ करोड ४४ लाख, वडा नम्बर मा ४ मा ५ वटा योजनाका लागि १ करोड १० लाख, वडा नम्बर ५ को ३ वटा योजनाक लागि २८ लाख बजेट स्वीकृत भएको छ ।

त्यसैगरी वडा नम्बर ६ को ११ वटा योजनाका लागि २ करोड ६ लाख रूपियाँ बजेट विनियोजन भएको छ भने वडा नम्बर ७ को १३ वटा योजनाका लागि २ करोड १ लाख, वडा नम्बर ८ को २ वटा योजनाका लागि ३५ लाख, वडा नम्बर ९ को ७ वटा योजनाका लागि ९५ लाख, वडा नम्बर १० को एउटा योजनाका लागि १० लाख, वडा नम्बर ११ को २ वटा योजनाका लागि ३५ लाख र वडा नम्बर १२ को ४ वटा योजनाका लागि ७० लाख रूपियाँ बजेट स्वीकृत भएको छ ।

त्यस्तै पालिकास्तरीय साझा प्रकृतिका, अन्तरवडा र अन्तरपालिका सम्बन्धी १० वटा आयोजना बजेट पुस्तिकामा समावेश भएका छन् । यि योजनाहरूका लागि ४१ करोड ४८ लाख ५० हजार रूपियाँ बजेट स्वीकृत भएको छ ।

## इन्द्रसरोवरमा संघ र प्रदेशका ५८ वटा योजना

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा आगामि आर्थिक वर्ष २०८०/०८१ का लागि संघ तथा प्रदेश सरकारबाट ५८ वटा योजना स्वीकृत भएको छ । पालिका क्षेत्रको पूर्वाधार विकास, सामाजिक विकास, वन वातावरणलगायतको क्षेत्रको विकासका लागि योजनाहरू छनौट भएका हुन् ।

योजना अन्तर्गत इन्द्रसरोवरमा संघीय समपुर योजना ३ वटा छनोटमा परेका छन् भने विशेष योजना २ वटा परेका छन् । त्यस्तै अन्य ७ वटा योजनाहरू छनोटमा परेका छन् । इन्द्रसरोवरका लागि बागमती प्रदेशको समपुरक ३ वटा योजना परेका छन् भने विशेष योजना एउटा र सशर्ततर्फका ४ वटा योजनाहरू स्वीकृत भएका छन् ।

बागमती प्रदेश अन्तर्गतका विषयगत मन्त्रालय र निकायगत योजना ३८ वटा स्वीकृत भएको बजेट पुस्तिकामा उल्लेख छ । यि योजनाहरू पूर्वाधार, खानेपानी, पर्यटन पूर्वाधारलगायतका रहेको छन् ।

## कार्यकक्षमा 'ग्रेटर नेपाल'

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नंम्बर ३ को कार्यालयमा ग्रेटर नेपालको नक्सा राखिएको छ । वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझीले ग्रेटर नेपालको नक्सा आफ्नो कार्यकक्षमा राखेका हुन् । भारतले इतिहासमा कतै नभएको नेपालको रूपन्देही कपिलवस्तु राखेर नक्सा बनाउँदा नेपालमा कोही कसैले बोल्ने आँट नगरेकाले जनस्तरबाट सन्देश दिन आफूले यसो गरेको रायमाझीले बताए ।

'यथार्थलाई झल्काउन खाजेको हुँ, यो हाम्रो पुरानो सांस्कृतिक नक्सा हो ।' उनले भने, 'हाम्रो इतिहास बोकेको नक्सा हो, यस्तो गौरवपूर्ण इतिहास नयाँ पिँढीलाई जानकारी दिन पनि आवश्यक हुन्छ भनेर मेरो सोच आयो', रायमाझीले भने । साथै, खेति किसानीको बाहुल्यता रहेको थाहानगरको पहिचान झल्काउने किसानहरूको फोटो पनि राखेका छन् ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## थाहानगरलाई सुझाव: योग गरौं/गराऔं

योग निकै व्यापक विषय हो । यसका जानकारहरुले गरेको चर्चा सुन्दा पनि यसको उपयोगिता धेरै छ । योगको सोझो अर्थ जोड्नु पनि हो । योगको क्रियाले मानवीय चेतनालाई यसका अनेक आयामसँग जोड्न सक्छ । योगका माध्यमबाट व्यक्ति शारीरिक र मानसिकरुपमा स्वस्थ हुन मद्दत पुग्छ । विश्व स्वास्थ्य संगठनले पनि भनेको छ कि स्वास्थ्य भनेको केवल रोगबाट मुक्त हुनु मात्र नभई शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिकरुपमा स्वस्थ हुनु हो । यो सबैको प्राप्तिको आधार योगलाई लिन सकिन्छ । यहि योगको सवाल २ असारमा थाहा नगरपालिकाबाट आयोजित नीति तथा कार्यक्रमको सुझाव संकलनका क्रममा उठेको छ । नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रममा विद्यालयमा योग गराउने विषय समेट्न आग्रह गरिएको थियो। वर्तमान समयमा बदलिँदो जीवनशैली, खानपान, तनाव, कुलत का कारण विभिन्न नसर्ने रोग निकै बढ्दै गएको सन्दर्भलाई जोड्दै यस विषयमा थाहानगरलाई नीति तथा कार्यक्रममा राख्न सुझाइएको हो ।

जस्तो चुरोट सूर्ती खैनी खायो भने क्यान्सर हुन्छ, तनाव लियो उच्च रक्तचाप हुन्छ जस्ता सन्देशमूलक कुराहरु लगातार प्रचार भइरहेका छन् । तर यो सब थाहा हुँदाहुँदै पनि ब्यक्तिले ती हानिकारक बस्तुहरु सेवन गर्न छाडेको छैनन् । यस्तो डर देखाएर जीवनशैली परिवर्तन गर्ने कुरा प्रभावकारी देखिएको छैन । गलत कुरा थाहा हुँदाहुँदै पनि मान्छे किन त्यसबाट मुक्त हुन सकिरहेको छैन भन्ने कुरा मनन गरेर जीवनशैली परिवर्तन गर्ने अर्को प्रभावकारी तरिका अपनाउन प्रेरित गर्नैपर्ने भएको छ । त्यस्तो प्रभावकारी तरिका योग हुने कुरामा शंका छैन । किनभने योगले मान्छेको सोच बदल्न सहयोग पुऱ्याउँछ । अधिकांश नसर्ने रोगका कारणहरुमा असन्तुलित खानपान, व्यायामको कमी, तनाव, कुलत जस्ता कुराहरु पर्दछन् । योगले सन्तुलित जीवन जीउन सिकाउने भएकाले जीवनशैली फेरिनासाथ ती रोगहरु निको हुन्छन् । योग अभ्यासबाटै क्यान्सर, मधुमेह, माइग्रेन, वाथरोग, उच्च रक्तचाप, उच्च कोलेस्ट्रेरोल, दम, ढाड दुख्ने, मानसिक तनाव, डिप्रेशन, मोटोपन, अम्लपित्त, कब्जियत जस्ता नसर्ने रोग रोक्न तथा भइसकेपछि निर्मूल पार्न सहयोग गरेको अनुसन्धानहरुले पुष्टि गरिसकेका पनि छन् ।

योग परापूर्वकालदेखि नै विकास भएको मानिन्छ तर योग, तपस्या, साधनाजस्ता विषयहरु आमनागरिकसम्म पुग्न सकेको थिएन । साधु सन्त, ऋषीमुनिहरुको घेराभन्दा बाहिर ब्यापक रुपमा योगलाई बुझ्ने र ग्रहण गर्ने क्रम शुरु भएको धेरै भएको छैन । योगका क्षेत्रमा अनुसन्धान, संरक्षण, प्रचारप्रसार र यसको उपयोगमा सरकारी क्षेत्रबाट पनि केही न केही काम हुने विश्वास गर्न सकिन्छ । आजसम्म धार्मिक संस्था, योग गुरुहरुले चलाएका योगका गतिविधिहरुमा राज्य समेत जोडिनु सुखद कुरा हो । मानव स्वास्थ्यमा प्रत्यक्षरुपमा सकारात्मक प्रभाव पार्ने योगलाई हरेक नागरिकको दैनिकीसँग जोड्न सकिए मात्र पनि ठूलो उपलब्धि हुनेछ । शारीरिक, मानसिक एवं सामाजिक रोगको निवारण मात्र होइन, एउटा मर्यादित जीवन पद्धतिको विकास र विस्तार गर्न पनि योगले महत्वपूर्ण भूमिका खेल्ने कुरामा दुईमत छैन । तसर्थ, थाहा नगरपालिकाका विद्यालयहरुमा योग संचालन गर्नुपर्ने सुझावलाई पालिकाले आफ्नो नीति तथा कार्यक्रममा राख्छ या राख्दैन तर योगको सवाल सान्दर्भिक भने पक्कै रहेको छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय तहमा बजेट तर्जुमाका आधार



◆ बाबुकाजी कार्की

बजेट निर्माण गर्दा कार्यान्वयनको क्रममा आउने समस्या र समाधानका उपायहरूको बारेमा रौंचिरा विश्लेषण गरिनु दूरदर्शिता ठहर्छ । बजेट समयबद्ध, मितव्ययी, दक्षतापूर्ण, औचित्यपूर्ण, प्रभावकारी र नतिजामूलक ढंगले कार्यान्वयन हुने खालको हुनुपर्छ । भनिन्छ, वास्तविक समस्याको पहिचान नै आधा समाधान हो ।

गत आर्थिक वर्षहरूका नीति तथा कार्यक्रम के-कति कार्यान्वयन भए, बजेटले नीति तथा कार्यक्रमलाई कत्तिको सम्बोधन गऱ्यो, बजेट कार्यान्वयन के-कति कसरी भयो, कस्ता प्रतिफल आयो, लक्षित वर्गले लाभ लिन सक्यो वा सकेन, बजेट निर्माण र कार्यान्वयनमा कहाँ, कस्तो कमजोरी रह्यो, सुधारका लागि अब के-कस्तो रणनीति अपनाउनुपर्ला आदिको मसिनो विश्लेषणको खाँचो पर्छ । बजेटलाई रोजगारी सिर्जना हुने, स्थानीय स्तरमै वस्तु तथा सेवा उत्पादन हुन सक्ने क्षेत्रमा बढी प्राथमिकता दिनु व्यावहारिक हुन्छ ।

ग्रामीण अर्थतन्त्रमा बल पुग्ने कृषि, सिँचाइ, साना उद्यम विकासलगायत रोजगारमूलक क्षेत्रलाई प्रोत्साहित गरिनुपर्छ । खेतीपाती, पशुपालन, जडीबुटी खेती तथा प्रशोधन, सीप विकास, प्रविधि विकास रप्रवर्द्धन गर्ने नीति बजेटले अँगाल्नुपर्छ । स्वदेश तथा विदेशबाट सीप सिकेर गाउँ फर्किएका युवा जनशक्तिलाई स्थानीय सरकारले उच्च प्राथमिकतासाथ परिचालन गर्न हिचकिचाउनु हुन्न । सीमित स्रोतसाधनको अधिकतम परिचालन गरेर लक्षित उद्देश्य हासिल गर्न अपनाइने विस्तृत विवरणलाई योजना भनिन्छ ।

योजना तर्जुमा गर्दा सम्बन्धित विषय क्षेत्रमा हामी कहाँ छौं ? लक्ष्यमा पुग्न के-कति स्रोतसाधनको खाँचो पर्छ ? आवश्यक स्रोतसाधनको कहाँ, कसरी प्राप्ति र परिचालन गर्ने ? मानवीय, भौतिक तथा आर्थिक स्रोतसाधनको प्रभावकारी परिचालन कसरी गर्ने ? योजनालाई चुस्त, दुरूस्त र गुणस्तरीय राख्दै तोकिएको समयमा नै सम्पन्न गर्न अनुगमन निरीक्षण प्रक्रियालाई कसरी परिचालन गर्ने ? आदिका बारेमा रौंचिरा विश्लेषण र निर्मम कार्यान्वयन अपरिहार्य रहन्छ । स्थानीय तहको योजना छनोट तथा बजेट तर्जुमालाई वस्तुपरक र पारदर्शी बनाउने मार्गचित्र प्रदान गर्न विभिन्न नीतिनियमहरूको व्यवस्था गरिएको पाइन्छ । सामान्यतया योजना समयावधिका आधारमा तीन किसिममा वर्गीकरण गरिएको हुन्छ । दीर्घकालीन योजना १० देखि २५ वर्षसम्मको हुन्छ । मध्यकालीन योजना ३ देखि १० वर्षसम्मको र अल्पकालीन योजना बढीमा ३ वर्षको हुन्छ । यी योजनाहरू तर्जुमा गर्दा विषय र क्षेत्रसँग मिल्दो दीर्घकालीन योजनाको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी तर्जुमा गर्नुपर्ने हुन्छ ।

दीर्घकालीन तथा मध्यकालीन योजनाको अन्त्यमा जनताको जीवनस्तर तथा पाउने सेवासुविधा कस्तो हुन्छ भनी आकलन गरिन्छ । यी योजनाहरूको तर्जुमा गर्दा संघ, प्रदेश र स्थानीय तहबीच समझदारी र सहकार्यको खाँचो पर्छ । तथापि वार्षिक योजनाको प्रभावकारितामा नै दीर्घकालीन र मध्यकालीन योजनाको लक्ष्य प्राप्तिमा अहम् भूमिका रहन्छ ।

नेपालको संविधान, २०७२ ले संघीय संरचनाका तीनै तहका सरकार संघ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो बजेटमार्फत वित्त नीति ल्याउने स्वतन्त्रता बनाउने अधिकार प्रदान गरेको छ ।

संविधानले तीनै तहका सरकार लाई आफ्नो आर्थिक अधिकारसम्बन्धी विषयमा आवश्यकताअनुसार कानुन तथा वार्षिक बजेट बनाउनेलगायत विधान, नीति तथा योजना निर्माण गरेर त्यसको कार्यान्वयन गर्ने अधिकारको व्यवस्थालाई वित्तीय संघीयताको आदर्श पक्षका रूपमा लिन सकिन्छ । संविधान तथा कानुनले निर्दिष्ट गरेका मार्गदर्शन एवम् बजेटका मूलभूत पक्षलाई मध्यनजर राखेर बजेट तर्जुमा गरिनु स्थानीय तहको प्रमुख दायित्व हो । बजेट विनियोजनका प्राथमिकता निर्धारण पारदर्शी, निष्पक्ष, वस्तुनिष्ठ, आवश्यकता र औचित्यका आधारमा गरिनुपर्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले असार १० गतेभित्र स्थानीय तहको प्रमुख वा अध्यक्षले वार्षिक बजेट र कार्यक्रम तयार गरी सभामा पेस गर्नुपर्ने हुन्छ । यसरी पेस भएको बजेट तथा कार्यक्रमलाई स्थानीय सभाले आवश्यक छलफल र सुझावको निष्कर्षसहित असार मसान्तभित्र पारित गरिसक्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था छ । साथै, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले दिशानिर्देश गरेको छ । विधिवत् निर्देशन पालना गरी बजेट निर्माण गर्दा फागुनबाटै सुरू भई विभिन्न चरण पार गर्नुपर्ने हुन्छ ।

फागुन मसान्तभित्र संघबाट, चैत मसान्तभित्र प्रदेशबाट सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन उपलब्ध गराउनुपर्ने, वैशाख १० गतेभित्र स्रोत अनुमान तथा बजेट सीमा निर्धाण गर्नुपर्ने, वैशाख १५ गतेभित्र आर्थिक वर्षको बजेट सीमा वडाहरूमा पठाउनुपर्ने, जेठ १५ गतेभित्र वडास्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण गर्नुपर्ने । यसप्रकार समग्रमा जेठ मसान्तभित्र स्थानीय तहले एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा गरिसक्नुपर्ने व्यवस्था छ ।

संघात्मक शासन व्यवस्थाको मर्मअनुसार स्थानीय सरकारलाई बढी जवाफदेही बनाउने नै हो । जनताले राज्यबाट पाउने सेवासुविधा सहज रूपमा आफ्नो घरदैलोमा नै पाउने सुनिश्चितता संघीय शासन प्रणालीको एक सुन्दर पक्ष हो । जनताको हितका लागि जनताद्वारा विकास निर्माण गर्ने हेतु राज्यको स्रोतसाधनको बाँडफाँड पनि स्थानीय तहलाई प्राथमिकता दिनुपर्ने पहिलो सर्त हो । राजस्व बाँडफाँड, अनुदान र स्थानीय तहले संकलन गर्ने राजस्वसमेतले ठूलै आकारको स्रोत जुट्ने हुन्छ ।

बजेट खर्चलाई जनमुखी र पारदर्शी बनाउन विभिन्न नीतिगत व्यवस्था गरिएका छन् । तथापि बजेट बाँडफाँड तथा पारदर्शी र उपलब्धिमूलक खर्च व्यवस्थापनमा समस्याहरू बग्रेल्ती छन् । बजेट निर्माण प्रक्रिया र विनियोजनमा सुशासनका आधारभूत सर्तहरूलाई बेवास्ता गरिएका गुनासाहरू पनि प्रशस्तै सुनिन्छन् । कतिपय स्थानीय तहमा फितलो संरचनागत स्रोतसाधनको व्यवस्थापन तथा कमजोर सुशासनका कारण बजेटका लक्षित उद्देश्य प्राप्तिमा चुनौती बनेका अनुभव र उदाहरण पनि बग्रेल्ती पाइन्छ ।

स्रोतसाधनलाई व्यवस्थित रूपमा परिचालन गर्न स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउने हेतु स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८० बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०७७ जारी गरेको छ । संविधानको धारा २३१, २३२ र २३५ बमोजिम बनेका संघीय कानुन नेपालभर लागू हुने नेपाल सरकारले स्थानीय तहलाई निर्देशन दिन सक्ने, समन्वय कायम गर्न सक्ने आदिका आधारमा वित्तीय सुशासन कायम गर्न विविध नीति तथा रणनीति अवलम्बन गरेको पाइन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन-२०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन-२०७५ संघ, प्रदेश र स्थानीय तह ऐन-२०७७, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६ बनेका छन् । त्यस्तै वित्तीय सुशासन कायम गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग-२०४८, भ्रष्टाचार निवारण ऐन-२०५९ र सार्वजनिक खरिद ऐन-२०६३ तथा यी ऐनको सफल कार्यान्वयनका लागि आवश्यकताअनुसार नियम तथा कार्यविधिहरू पनि बनेका छन् । उल्लिखित ऐननियमहरू विद्यमान भए तापनि पनि आर्थिक अनुशासन फितलो हुनुमा विविध कारण हुन सक्छन् ।

नेतृत्वको नियत खराब भएमा नियम कानुनले मात्र सुशासन कायम हुन सक्दैन । वित्तीय सुशासन कायम गर्दै समृद्धिको यात्रा तय गर्न योजना निर्माणताका नै आवश्यकता पहिचान एवम् प्राथमिकीकरण तथा बजेट लगानी, प्रक्रिया र उपलब्धिबारे पारदर्शिता, सरोकार पक्षको सहभागिता र दूरदर्शिताले अहम् भूमिका खेलेको हुन्छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन-२०७८ लागू गरेको छ ।

मध्यमकालीन खर्च संरचनामा चक्रिय रूपमा प्रत्येक वर्ष तीन वर्षको बजेट आकलन गरिन्छ, जसअनुसार अब सबै स्थानीय तहले तीन आर्थिक वर्षको बजेट तयार गर्नुपर्ने हुन्छ । कानुनले मध्यमकालीन खर्च संरचना निर्माण गर्नुपर्ने भनिए तापनि स्पष्ट ढाँचा नभएकाले कार्यान्वयनमा प्रभावकारिता आएको

*बाँकी पृष्ठ ३ मा*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# यि खानेकुरा, जसले ग्यास्ट्रिक गराउन सक्छ



पछिल्लो समय स्वास्थ्यलाई भन्दा स्वादलाई केन्द्रमा राखेर खानेकुरा खाँदा ग्यास्ट्रिकको समस्याबाट पीडित हुनेको संख्या बढिरहेको छ । प्रशोधित र प्याकेट बन्द खानेकुराले ग्यास्ट्रिकसम्बन्धी समस्या बढ्दै गएको हामी सुन्छौं । तर के साँच्चै खराब खानपानले ग्यास्ट्रिक हुन्छ त ?

### कोक, फ्यान्टा, डिउजस्ता पेय पदार्थ

कोकाकोला, फ्यान्टा, डिउ,स्प्राइटजस्ता पेय पदार्थमा हुने ग्यास र एसिडले ग्यास्ट्रिकको समस्या निम्त्याउँछ ।

### चिया, कफी

चिया, कफीमा हुने क्याफिनले भोक कम लाग्ने, डकार धेरै आउने र पेटमा दुखाइको महसुस हुने गर्छ ।

### चुरोट, सुर्तीजन्य पदार्थ

चुरोट तथा सुर्तीजन्य पदार्थले पनि ग्यास्ट्रिकको समस्या निम्ताउँछ । चुरोट र सुर्तीमा हुने विभिन्न रसायनले ग्यास्ट्रिकको समस्या ल्याउँछ ।

### रक्सी

रक्सी खायो भने एसिड बढी निस्किन्छ, जसले गर्दा ग्यास्ट्रिक गराउँछ । रक्सीको धेरै सेवनले ग्यास्ट्रिक मात्र होइन, कलेजोको समस्या पनि निम्तिन सक्छ ।

### समोसाजस्ता तारेको र चिल्लो खानेकुरा

समोसा, आलु चिप्सजस्ता तेलमा तारेको वा धेरै चिल्लो खानेकुराले पनि ग्यास्ट्रिकको समस्या हुन्छ । साथै बार बिक्यु पोलेको खानेकुराले पनि ग्यास्ट्रिक गराउँछ ।

### बासी खानेकुरा

कुनै खानेकुरालाई धेरै दिन फ्रिजमा राखेर तताएर खाइयो भने त्यसले पनि ग्यास्ट्रिकको समस्या हुन्छ । साथै होटेलमा धेरै दिनदेखि तयार बनाएर राखिएको खानेकुरा र प्याकेट बन्द खानेकुराले पनि ग्यास्ट्रिकको समस्या हुन्छ ।

### बट्टामा खाँदेको अचार

बट्टामा खाँदेको अचारमा मसाला र तेल धेरै हालिएको हुन्छ । यसको अत्यधिक सेवनले पेट फुल्ने दुख्ने र आन्द्रामा घाउसमेत हुन सक्छ ।

### यस्ता खानाले किन ग्यास्ट्रिक हुन्छ ?

धेरै चिल्लो, पिरो, मसालेदार खानेकुरा खाना नली हुँदै आमाशयमा जान्छ र सबैभन्दा पहिले पेट पोल्न थाल्छ र खाना पच्न नै गाह्रो हुन्छ । चुरोट, रक्सी, चिया, कफी, चुरोट र रक्सीको धेरै सेवनले आन्द्रा तथा आमाशय बिस्तारै सुन्निएर ग्यास्ट्रिकको समस्या र पेटमा घाउ नै पनि हुन सक्छ ।

### ग्यास्ट्रिकबाट बच्न कस्तो खाना ?

फाइबर पाचनतन्त्रका लागि एकदमै उपयोगी हुन्छ । त्यसैले सिमी, आल्मन्ड, ओखर, तिल, स्ट्रबेरीजस्ता फाइबरयुक्त खानेकुरा ग्यास्ट्रिकबाट बच्नका लागि लाभदायक हुन्छ ।

हरियो सागपात, सबै प्रकारका तरकारी, फलफूल, माछा, बोसोरहित मासु ग्यास्ट्रिकका बिरामीका लागि महत्त्वपूर्ण खाना हुन् । यी खानामा प्रशस्त मात्रामा पौष्टिक तत्त्व पाइने हुनाले पेट र आन्द्रामा भएको संक्रमणलाई समेत कम गर्छन् ।

---

## स्थानीय तहमा ..... .

थिएन । तर, दिग्दर्शनअनुसार मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ । तत्पश्चात् दुई आर्थिक वर्षको स्रोत र खर्चको प्रक्षेपण गरिन्छ ।

पहिलो वर्षको बजेट कार्यान्वयनको उपलब्धि समीक्षा र दोस्रो वर्षको प्रक्षेपण संशोधन र परिमार्जन गरी आगामी वर्षको बजेट तयार गरिन्छ । मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठका साथै उपलब्धिमूलक बनाउँछ । सरकारको नीति तथा कार्यक्रम र बजेट प्रणाली गरिब, विपन्न, पिछडिएका वर्ग र समुदायप्रति लक्षित हुन नसकेको, बजेट विनियोजन गर्दा प्राथमिकताका योजना तथा कार्यक्रमहरू समयसापेक्ष र व्यावहारिक नभएको जनगुनासो सत्यको नजिक छ ।

संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारको प्रभावकारिताबारे नकारात्मक बहस सुरु हुन थालेको छ । कार्यक्रम र बजेट विनियोजनमा चरम लापरवाही भएको गुनासोको वास्तविकता छानबिन र सम्बोधन गर्ने संस्कारको विकास भएको छैन । विगतमा कोरोना संक्रमणलाई निस्तेज पार्नेतर्फ सहयोग र सहकार्यको प्रभावकारी रणनीति तीनै तहका सरकारमा विरलै पाइयो । हाम्रो संघीय संरचनाअनुसार तीन तहको सरकारमध्ये जनताको नजिकबाट सेवा प्रवाह गर्ने भूमिकामा स्थानीय तह महत्त्वपूर्ण छ । स्थानीय तहमा सुशासन कायम हुन नसकेमा जनताले अनावश्यक दुःख पाउने मात्र नभएर संघीयताप्रति नै वितृष्णा जाग्ने वास्तविकता हो ।

स्थानीय तहमा वित्तीय सुशासन कमजोर रहेको विभिन्न तथ्यांकले पुष्टि गरेको छ । राजनीतिक खिचातानी, पदाधिकारीहरूको मनोमानी, कर्मचारीहरूको समयमा पदपूर्तिमा उदासीनता आदी कारणले बेरुजु र भ्रष्टाचार मौलाउँदो अवस्था स्थानीय तहमा देखिन्छ । भ्रष्टाचारका तथ्यांक र घटनाहरूको ग्राफ पनि बढ्दो क्रममा नै छ । आर्थिक अनुशासन, वित्तीय अनुशासन पालना नभएमा अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने वास्तविकता हो । कमजोर व्यवस्थापनका कारण तोकिएको प्रक्रियाको पालना नहुँदा लक्षित वर्गले विकासको फल प्राप्त गर्न सक्दैनन् ।

---

# मधुमेह भएकाले कुन-कुन फलफूल खान हुन्छ ?



मधुमेहका बिरामीले धेरै खानेकुरा बार्नुपर्छ भनेको निकै सुनिन्छ । मधुमेह भएकाले यो खान हुन्छ, यो हुँदैन, गुलियो त झनै खानुहुँदैन भनेको धेरै सुनिन्छ । तर के मधुमेह भएका व्यक्तिले गुलियो खानेकुरा खानै हुँदैन त ? त्यसो भए मधुमेह भएका बिरामीले कुन-कुन फलफूल खानुपर्छ त ?

मधुमेहका बिरामीले सबैखाले फलफूल खान मिल्छ तर मात्रा भने मिलाउनुपर्छ । तर उच्च ग्लाइसेमिक इन्डेक्स (रगतमा चिनीको स्तर बढाउने तत्व) भएको फलफूल कम खाँदा बिरामीलाई लाभदायक हुन्छ । त्यसैले मधुमेहका बिरामीले सकेसम्म चिनीको मात्रा कम भएको फलफूल जस्तै स्याउ, किवी, अम्बा, नास्पाती, सुन्तला, एभोकाडो लगायत चिनीको मात्रा कम भएका फलफूल खान सकिन्छ । तर सुगरको मात्रा ह्वात्तै बढाउने भएकाले फलफूलको जुस भने नखानु उत्तम हुन्छ ।

### चिनीको मात्रा बढी हुने फलफूल

आँप, केरा, अंगुरमा अत्यधिक चिनीको मात्रा हुन्छ अर्थात् यी फलफूलमा उच्च ग्लाइसेमिक इन्डेक्स हुन्छ । त्यसैले यी फलफूल दिउँसो खाजाको रूपमा खानु राम्रो हुन्छ ।

### प्राकृतिक चिनीले पनि असर गर्छ र ?

चिनीको मात्रा बढी भएको फलफूलमा फ्रक्टोज भन्ने तत्व हुन्छ । जुन ग्लुकोजमा रूपान्तरण हुँदा शरीरमा सुगरको लेभल बढ्छ । त्यसैले प्राकृतिक चिनी भनेर अत्यधिक मात्रामा सेवन गर्नुहुँदैन । यसले नकारात्मक असर गर्छ ।

### मधुमेहको बिरामीले खानै नहुने फलफूल कुन ?

मधुमेहका बिरामीले सबैखाले फलफूल खान हुन्छ । यो खान हुँदैन, त्यो खान मिल्दैन भनेर तोकिएको छैन । तर एकैचोटि धेरै मात्रामा नखाई सन्तुलन मिलाएर खानुपर्छ । मधुमेहको बिरामीले जुनसुकै फलफूल दिनमा एउटा खानु राम्रो हुन्छ ।

सबैखाले फलफूलमा फाइबर, क्याल्सियम, पोटासियम, भिटामिन, मिनरल्स, प्रोटिनजस्ता पोषक तत्व पाइने हुनाले मधुमेह रोगीलाई सबै फलफूल लाभदायक नै हुन्छ ।







प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com

# थाहा बसपार्क संचालन तथा व्यवस्थापन कार्यविधि २०८० पारित

◆ विकास संवाददाता

थाहा नगरपालिका नगर कार्यपालिकाको आइतबारको बैठकले थाहा नगर पालिका वडा नं. ४ मा निर्माणाधीन थाहा बसपार्क संचालन तथा व्यवस्थापन कार्यविधि २०८० पारित गरेको छ ।

कार्यविधि पारित भएसँगै अन्यौलमा रहेको थाहा बसपार्क संचालनको बाटो खुला भएको प्रवक्ता हेरमान गोपालीले जानकारी दिए । कार्यबिधि अनुसार थाहा बसपार्क नगरपालिकाको मातहतमा रहने गरी नगरप्रमुखले सिफारिस गरेको ब्यक्तिको अध्यक्षतामा सात सदस्यीय समिति गठन गर्ने निर्णय भएको छ । समितिमा एकजना सचिव, एकजना कोषाध्यक्ष रहनेछन् । समितिका सदस्यहरूमा नगरप्रहरी प्रमुख, यातायात व्यावसायीमध्येबाट एकजना, उद्योग वाणिज्य संघको तर्फबाट एकजना र उपभोक्ता मध्येबाट एकजना रहने व्यवस्था छ ।

बैठकले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटको तयारीका लागि प्रत्येक वडामा टोल भेला गरी सुझाव संकलन गर्ने निर्णय गरेको प्रवक्ता गोपालीले जानकारी दिए ।

बैठकले बिपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०८० र व्यापार व्यवसायसम्बन्धी कार्यविधि २०७७ लाई संशोधन समेत गरेको प्रवक्ता गोपालीले जानकारी दिए । बैठकले नगरभित्र निर्माण हुने घरको नक्सा पास कार्यविधि ल्याउने निर्णय गरेको छ ।

थाहा नगरपालिका भित्र निर्माण भैसकेका र निर्माणाधीन घरको नक्सा पास गर्नुपर्ने मापदण्ड अनुसार निर्माण भएका भवनको निर्माण सम्पन्न प्रमाणपत्र दिने, मापदण्ड बिपरीत निर्माण भएका घरलाई अभिलेखिकरण गर्ने, नयाँ बन्ने घरलाई भवन निर्माण सम्बन्धी कार्यविधि बनाई नक्सा पास भएपछि मात्र घर निर्माण गर्न आग्रह गर्ने र डीपीसी गरेर राखेको घरहरूको निर्माण प्रक्रिया पूरा गर्न सूचना जारी गर्ने निर्णय गरिएको कार्यपालिका सदस्य एवम् ३ नम्बर वडाअध्यक्ष हिरेन्द्रकुमार रायमाझीले बताए ।

# 'बुढो बेर्ना रोप्दा काउली चाँडै फुल्यो'-कृषि प्राविधिक

◆ विकास संवाददाता



थाहा नगरपालिकाका कृषि अधिकृत विकास विकले किसानहरूले बुढो बेर्ना सारेका कारण १० दिनमै काउली फुलेको प्रतिक्रिया दिएका छन् । थाहा नगरपालिका वडा नम्बर ३ शिखरकोटकी कृषक रूकु रायमाझीले काउली सारेको १० दिनमै फुलेको खबर सामाजिक संचालमा फोटोसहित सार्वजनिक भएपछि पालिकाको कृषि अधिकृत सहितको टोलीले स्थलगत अनुगमन गरेको हो । ह्वाइट टप काउलीमा देखिएको उक्त समस्या १ महिनासम्म ब्याडमै राखेर रोपिएकोले यस्तो समस्या आएको विकले बताए ।

ह्वाईट टप (अगौटे) जातको काउली भएको र ६० दिनमै उत्पादन दिने काउली भएकोले कृषि प्राविधिकको सल्लाह अनुसार ब्याडमा राख्ने र समयको तार तम्यता मिलाउनुपर्ने कृषि प्राविधिकहरूले बताएका छन् । अधिकृत विकले भने- 'बिउ राख्ने, उमार्ने, ब्याडमा नै गाँठे रोगको सँक्रमण रहेको र केही समयदेखि लगातारको खडेरी र उच्च तापक्रमको प्रभावका कारण बिरूवा बढ्न नसकेको तथा अहिलेको बाली भन्दा अघि गँहु लगाएको माटो भएकाले पर्याप्त मलखाद भाव हुँदा समस्या देखिएको हो ।' उनले बीउमा रहेको यथार्थ संकेत पत्र अनुसार बीउ म्याद ननाघेको र उमारशक्ति पनि सहि रहेको बताए ।

किसानहरूको गुनासो पश्चात् पालिकाको कृषि विकास शाखाबाट कृषि अधिकृत विकास विक, प्राविधिक सहायकहरू राजकुमार श्रेष्ठ, बालकुमारी भट्टराई तथा प्राविधिक सहायकहरू रोहिणी स्याङ्तान र विनिता विष्टसहितको टोलीले स्थलगत निरीक्षण गरेको थियो । नगरपालिकाले वडा कृषि प्राविधिकमार्फत वा प्रत्यक्षरूपमा नगरको कृषि विकास शाखाबाट आफना खेतबारीका बालीमा आएको समस्याहरूको विषयमा सल्लाह लिन आग्रह गरेको छ । पालिकासहित वडास्तरमा प्राविधिक मार्फत किसानहरूलाई प्राविधिक सेवा उपलब्ध भइरहेको कृषि विकास शाखा प्रमुख संजय तिवारीले बताए ।

# थाहानगरका खेलाडीलाई ५ स्वर्णसहित ९ पदक



◆ विकास संवाददाता

काठमाडौंमा जारी नवौं उपत्यकाव्यापी कराते तथा किक बक्सिङ प्रतियोगितामा थाहा नगरपालिकाको ९ खेलाडीले पदक जित्न सफल भएका छन । १२ खेलाडीले सहभागिता जनाएको प्रतियोगितामा ५ खेलाडीले प्रथम र ४ खेलाडीले तृतीय स्थान हासिल गर्न सफल भएको थाहा नगर खेलकुद विकास समिति संयोजक टीकाराम स्याङ्तानले जानकारी दिए ।

प्रतियोगितामा आठ वर्ष समुहमा रिसव बलामी प्रथम, ३० केजी तौल समुहमा सलिम गमाल प्रथम, ४० केजी तौल समूहमा सोहन मगर प्रथम, १५ वर्ष समुहमा संजय गोले र महिलातर्फ २० केजी तौल समुहमा भूमिका बलामीले प्रथम स्थान हासिल गर्न सफल भएका हुन् ।

अर्जुन गमाल २५ केजी तौल समूहमा, करण गमाल ३५ केजी तौल समूहमा, इनेश बलामी १५ बर्ष समूहमा र निशान गोले १५ बर्ष समुहमा तृतीय भएको नगर खेलकुद विकास समिति संयोजक स्याङ्तानले जानकारी दिए । प्रतियोगिता जेठ २६ र २७ गते काठमाडौंमा भएको थियो ।

# झम्केश्वरीमा छात्रवृत्ति वितरण, बालबालिकामा खुशीयाली

◆ विकास संवाददाता




मकवानपुरको थाहा नगरपालिका वडा नंम्बर १ को झम्केश्वरी माध्यमिक विद्यालयले कक्षा १ देखि ८ सम्मका छात्राहरूलाई छात्रवृत्ति वितरण गरिएको छ । नेपाल सरकारद्वारा सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई प्रति विद्यार्थी ४ सय रूपियाँका दरले अनुदान प्राप्त रकमबाट छात्रवृत्ति वितरण गरेको विद्यालयका प्रधानाध्यापक गणेशमान श्रेष्ठले जानकारी दिए ।

थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यता तथा थाहा नगरपालिका शिक्षा शाखाका प्रमुख माधव विक्रम मल्लको विशेष आतिथ्यतामा छात्रवृत्ति वितरण गरिएको हो । आर्थिक रूपमा विपन्न वर्गका छात्राहरूका लागि न्यून रकम भएता पनि छात्रवृत्तिले पाठ्य सामाग्री खरिदका लागि टेवा पुग्ने नगर उपप्रमुख भरत गोपालीले बताए । थाहानगरमा जेहेन्दार विद्यार्थीहरूलाई पालुङ जेसीज मार्फत आफूले वार्षिक रूपमा विभिन्न विद्यालयहरूमा निरन्तर भरत-रत्न छात्रवृत्ति वितरण गर्दै आइरहेको र यसको निरन्तरता दिइ र हने उप्रप्रमुख गोपालीको भनाइ थियो ।

कार्यक्रममा थाहा नगरपालिका वडा नंम्बर १ निवासी हाल बागबजार काठमाडौंमा श्रेष्ठ वेयरका सञ्चालक नरेन्द्र श्रेष्ठले १५ जना विद्यार्थीहरूलाई विद्यालय पोशाक, स्टेशनरी, स्कुल ब्यागलगायत विद्याथीहरूले विद्यालयलाई बुझाउनु पर्ने वार्षिक शुल्क भूक्तानी सहितको छात्रवृत्ति प्रदान गरेका छन् भने थाहा नगरपालिका वडा नं. १ निवासी सुरेन्द्र गोपालीले ५ जना विद्यार्थीहरूलाई विद्यालय पोशाक सहयोग गरेका थिए । छात्रवृत्ति कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदिप प्रधान, विद्यालयका प्रधानाध्यापक गणेशमान श्रेष्ठ, सहायक प्रधानाध्यापक प्रविण विष्टलगायतले मन्तव्य व्यक्त गरेका थिए । झम्केश्वरी स्काउटद्वारा स्वागत नृत्य प्रस्तुत गरी कार्यक्रममा थप रोचक बनाइएको थियो । यस अघि सोही विद्यालयमा वीङ्ग युथ सामाजिक संस्थाद्वारा २० जना विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्ति प्रदान गरिएको थियो । विद्यार्थीहरूले छात्रवृत्ति तथा सहयोग पाएपछि खुशी व्यक्त गरेका थिए ।

विद्यालयमा आयोजित छात्रवृत्ति कार्यक्रम पश्चात विद्यालयले शैक्षिक गुणस्तरका लागि सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम समेत सञ्चालन गरेको थियो ।

# छहराबाट खसेर बर्तौलाको मृत्यु

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका-३ मा छहराबाट खसेर एक जनाको मृत्यु भएको छ । चितवन राप्ती नगरपालिका-६, भण्डारा घर भएका अन्दाजी ४६ वर्षीय हरिशरण बर्तौलाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । प्रहरीका अनुसार २९ जेठमा छहराबाट लडेका बर्तौला झाक्रीखोरिया खोलाको किनारमा मृत अवस्थामा फेला परेका हुन् । घटनास्थल मुचुल्का सहित थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# काँग्रेस थाहा ४ नम्बर वडा समितिले भन्यो–'किसानलाई राहत देऊ'



◆ विकास संवाददाता

केही महिनादेखि थाहा नगरपालिका वडा नम्बर ४ लगायत अन्य वडामा पनि आत्रामक रूपमा फैलिएको संक्रामक रोग लम्पी स्किनबाट मरेका पशुधन को क्षेतीबाट पिडित सम्पुर्ण थाहा नगरबासी किसानको पक्षमा उचित क्षतिपुर्ति र र ाहतको माग गर्दै नेपाली काँग्रेस थाहानगर ४ नम्बर वडा समितिले थाहा नगरपालिकाको ध्यानाकर्षण गराएको छ ।

काँग्रेस ४ नम्बर वडा सभापति श्रीकृष्ण केसी लगायतकाले नगर प्रमुख विष्णु बहादुर विष्ट समक्ष ध्यानाकर्षण पत्र बुझाएका हुन । थाहानगरको मुख्य आधारको रूपमा रहेका किसानहरूले पालन गर्दै आएका पशुवस्तुको क्षति हुनेगरी फैलिइरहेको रोग नियन्त्रण गर्नका लागि पालिकाले अभियान संचालन गर्नुपर्ने काँग्रेस वडा समितिको धारणा छ ।

ध्यानाकर्षण पत्र बुझ्दै नगर प्रमुख विष्टले राहत कार्यक्रमको लागि उचित बजेट बिनियोजन गर्ने र किसानहरूलाई न्याय प्रदान गर्ने प्रतिक्रिया दिए । आम किसानहरूले स्थानीय सरकारको राहतबाट महसुस गर्न सकुन भन्ने धारणासहित ध्यानाकर्षण गराइएको वडा सभापति श्रीकृष्ण केसीले बताए ।

# नि:शुल्क दन्त शिविरमा १ सय ७ जनाको उपचार

◆ विकास संवाददाता

नेपाल रेडक्रस सोसाइटी दामन उपशाखाको आयोजना तथा ओम चावहिल डेण्टल हस्पिटल र कोटेश्वर शाखा काठमाडौंको प्राबिधिक सहयोगमा थाहा नगरको प्राथमिक स्वास्थ्य केन्द्र पालुङमा एकदिने नि:शुल्क दन्त भएको छ । शिविरमा १ सय ७७ जनाको दाँतको बिबिध उपचार गरि एको नेपाल रेडक्रस सोसाईटी दामन उपशाखाका कोषाध्यक्ष यादवजंग रायमाझीले बताए ।



शिविरमा दाँतको परामर्श, सरसफाई, दात निकाल्ने, दाँत भर्ने र नि:शुल्क औषधि वितरण गरिएको कोषाध्यक्ष रायमाझीले बताए । ओम चावहिल डेण्टल हस्पिटलका अध्यक्ष कृष्ण घिमिरेले यस क्षेत्रमा नियमित रूपमा दन्त शिविर संचालन गरिने बताए । थाहा नगरपालिकाको सहयोगमा भएको शिविर संचालनमा फरक सोच, पालुङ जेसीज, लायन्स क्लब अफ पिस थाहा, शिखरकोट बजार व्यवस्थापन समितिको सहकार्यमा भएको हो । शिबिर समापन कार्यक्रममा थाहा नगर पालिका वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरका सदस्य राजकुमार केसी, लायन्स क्लब अफ पिस थाहाका दीपक कार्की, फरक सोचका राजु पोखरेल, पालुङ प्राथमिक स्वास्थ केन्द्रका डा.रोशन अर्याललगायतको आतिथ्यता रहेको थियो ।

शिविरमा थाहा नगरपालिका, कैलाश गाउँपालिका लगायतका दाँतका बिरामीले सेवा लिएका नेपाल रेडक्रस सोसाइटी दामन उपशाखाका सचिव राजाराम रायमाझीले बताए । नेपाल रेडक्रस सोसाइटी दामन उपशाखाका सभापति घनश्याम बस्नेतको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा उपसभापति गीता कार्की, उपशाखा सदस्य शकुन्तला गोपालीलगायतले मन्तव्य दिएका थिए । कार्यक्रममा सहयोगी संघसंस्था, शिविरमा सेवा दिएका स्वास्थकर्मीलाई सम्मान पत्रले सम्मानित गरिएको थियो ।

# बरामद गाँजा प्रहरीद्वारा नष्ट

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका–७ का शिवराज थिङसहितको घरबाट एक महिना अघि बरामद गरिएको गाँजा १ असारमा जलाएर नष्ट गरिएको छ । इलाका प्रहरी कार्यालय पालुङ पछाडि खोला किनारामा गाँजा नष्ट गरिएको हो ।

बैशाख १८ गते लागुऔषध नियन्त्रण व्यूरो र इलाका प्रहरी कार्यालय पालुङको टोलीले इन्द्रबहादुरको घरबाट १ सय ७५ किलो, वडाध्यक्ष थिङ र भीम बहादुरको घरबाट ३० वटा पोकामा २७ किलो गाँजाको धुलो बरामद गरेको थियो । थाहा नगरपालिका–७ आग्राका ७६ वर्षीय भीमबहादुर थिङ, वडाध्यक्ष शिवराज थिङ र ६७ वर्षीय ईन्द्रबहादुर थिङलाई पक्राउ गरी हाल प्रहरी हिरासतमा राखिएको छ । उनीहरूविरूद्व अदालतबाट म्याद थप गरी मुद्दाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यद्यपि यही साता उनीहरू विरूद्व थुनछेक हुने सम्भावना छ । उनीहरू पुर्पक्षका लागि थुनामै जान्छन् वा धरौटीमा छुट्छन् भन्ने कुरा थुनछेक बहस पछि हुने आदेशपछि थाहा हुने बताइएको छ ।

# वित्तीय सुशासन र संस्थागत स्वमूल्याङ्कनमा थाहा प्रथम

◆ विकास संवाददाता

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा मकवानपुरको थाहा नगरपालिका प्रथम भएको छ । थाहाले आर्थिक वर्ष २०७८/७९ मा कुल १०० मध्ये ७८ अंक प्राप्त गर्दै जिल्ला प्रथम भएको हो । जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले जिल्लाका १० वटै स्थानीय तहको समग्र स्थिति, प्रक्रियागत स्थिति र परिमाणात्मक स्थितिको मूल्याङ्कन गरेर नतिजा प्रकाशन गरेको जिल्ला समन्वय समिति मकवानपुरकी शाखा अधिकृत सुनिताकुमारी गजुरेलले जानकारी दिइन् ।

उनका अनुसार जिससले योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, कार्यान्वयन क्षमता तथा व्यवस्थापन, लेखाङ्कन तथा प्रतिवेदन अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापनमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी अन्तिम नतिजा प्रकाशन गरेको हो । जसमा थाहाले सबै भन्दा बढी ७८ र बागमती गाउँपालिकाले सबै भन्दा कम ४९.५ अंक प्राप्त गरेको छ । थाहाले योजना बजेट तथा कार्यक्रम व्यवस्थापनमा १३.५, कार्यान्वयन क्षमता तथा व्यवस्थापन २६, लेखाङ्कन तथा प्रतिवेदनमा १६, अनुगमन मूल्याङ्कन तथा लेखा परीक्षणमा १० र राजस्व व्यवस्थापनमा १२.५ गरि कुल ७८ अंक प्राप्त गरेको उनले जानकारी दिइन् । मूल्याङ्कन अनुसार जिल्लाको मनहरी गाउँपालिकाले ७२.५ अंक, बकैया गाउँपालिकाले ६९.५ अंक, मकवानपुर गढी गाउँपालिकाले ६८.५ अंक, कैलाश र भीमफेदी गाउँपालिकाले ६६.५ अंक, हेटौंडा उपमहानगरपालिकाले ६२.५ अंक, राक्सिराङ गाउँपालिकाले ५६ अंक, इन्द्रसरोवर नगरपालिकाले ५१ अंक र बागमती गाउँपालिकाले ४९.५ अंक प्राप्त गरेको छ ।

त्यस्तै जिल्लाको १० वटै स्थानीय तहको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा पनि थाहा नगरपालिका ८६.२५ अंक प्राप्त गर्दै प्रथम भएको छ । उनका अनुसार थाहा नगरपालिकाले शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय शीर्षकको मुल्याङ्कनमा कुल १०० अंकमा ८६ दशमलव २५ अंक प्राप्त गर्दै जिल्लामै उत्कृष्ट भएको छ । भने स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा पनि बागमती गाउँपालिकाले सबै भन्दा कम ४३ दशमलव ५ अंक प्राप्त गरेको छ ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा क्रमश जिल्लाको मनहरी गाउँपालिकाले ६७.७५ अंक, भीमफेदी गाउँपालिकाले ६५ अंक, हेटौंडा उपमहानगरपालिकाले ६३.२५ अंक, मकवानपुरगढी गाउँपालिकाले ५६.७५ अंक, बकैया गाउँपालिकाले ५६.२५ अंक, राक्सिराङ गाउँपालिकाले ५६ अंक, इन्द्रसरोवर नगरपालिकाले ५३.२५ अंक, कैलाश गाउँपालिकाले ४९.५ अंक, र बागमती गाउँपालिकाले ४३.५ अंक प्राप्त गरेको छ । गजुरेलका अनुसार मकवानपुर जिल्लाका स्थानीय तहहरूले आगामी आवमा दुईवटै मूल्याङ्कनमा ९० प्रतिशतभन्दा माथि अंक आउने गरी काम गर्ने लक्ष्य लिइएको जानकारी दिइन् ।


# थाहालाई ११ करोड २९ लाख बजेट




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपाकिालाई बागमती प्रदेश सरकारबाट ११ करोड २९ लाख ३८ हजार रूपियाँ बजेट विनियोजन भएको छ । बागमती प्रदेश सरकारले १ असारमा प्रदेश संसदमा पेश गरेको अन्तरसरकारी वित्तिय हस्तान्तरण अन्तर्गतको बजेट थाहानगरले बजेट पाएको हो ।

प्रदेश सरकारले थाहानगरलाई वित्तिय हस्तान्तरणतर्फ १ करोड २६ लाख ८२ हजार, सशर्त ६ करोड २५ लाख ५४ हजार, विशेष अनुदान ६० लाख र समपुरक अनुदान ४० लाख विनियोजन भएको छ । प्राप्त बजेटमा ७ करोड ६७ लाख ३६ हजार चालु र ४ करोड ४५ लाख पुँजीगत बजेट रहेको छ ।



## नीति तथा कार्यक्रमका ... . ..

नबनाउन आग्रह गर्दै मर्मत संभारकोषको समेत व्यवस्था गर्न आग्रह गरे । जनताको मागको आधारमा विस्तारित सडकको लगत कट्टा आफ्नो पालामा केही शुरूवात गरेपनि अधिकांश बाँकी रहेकोले यसको निरन्तरता दिन आग्रह गरेका छन् । शहरी संरचना व्यवस्थि तगर्न नक्सापास र अभिलेखीकरणलाई निरन्तरता दिन उनको सुझाव रहेको थियो ।

सूचना तथा सञ्चार सहकारी संघका पूर्व केन्द्रिय अध्यक्ष विष्णुहरि ढकाल 'जंगली'ले पहिले नै सोचेर विकास आरम्भ गरे पछि ध्वंस गर्न नपर्ने सुझाउँदै दीर्घकालिन सोच राखेर विकासका काम अघि बढाउनुपर्ने बताए । थाहा अर्थात रूपचन्द्र विष्टको दर्शनलाई फैलाउन र यसको ब्राण्डिङ गर्न नगरपालिकालाई सुझाव दिएका थिए । ढकालले सरकारको स्वास्थ्य, बाली लगायतको बीमाको कार्यक्रममा अनिवार्य नागरिकलाई आवद्धता गराउँदा फाइदा हुने बताए । खाद्य सम्प्रभुताको एजेण्डा पनि नगरको प्राथमिकतामा पर्नुपर्ने उनको भनाइ थियो ।

गत स्थानीय निर्वाचनमा नेकपा एमालेका तर्फबाट थाहानगर प्रमुखमा प्रतिस्पर्धा गरेका एमाले नगर अध्यक्ष अच्युत्तम प्रसाद ढकालले नगरलाई व्यक्तिले तिर्ने दर भन्दा करको दायरा बढाउन सुझाब दिएका छन् । थाहा नगरपालिकाद्वारा आयोजित नगरको आगामी वर्षको नीति तथा कार्यक्रमको लागि राय सुझाव संकलन कार्यक्रममा आफ्नो धारणा राख्दै ढकालले व्यक्तिले तिर्ने करलाई सामान्यीकरण गरि दायरा बढाउँदा राजश्व बढेर विकास निर्माणमा सहज हुने बताएका हुन् । उनले नगर भित्रका सार्वजनिक जग्गा भाडामा दिएर नगरको आन्तरिक स्रोत बढाउन सुझाव दिए । उनले आन्तरिक आयमा विशेष ध्यान दिन आग्रह गर्दै कृषि, पर्यटन, लघु उद्यमको माध्यमबाट आर्थिक क्रियाकलाप वृद्धि गर्ने, पूर्वाधार निर्माण, शिक्षा र स्वास्थ्यको गुणस्तर वृद्धि गर्ने खालका विषय प्राथमिकतामा राख्न आग्रह गरे ।

नगरले आयोजना गरेको निर्वाचनका प्रतिस्पर्धी र राजनीतिक दलका प्रतिनिधि र सरोकारवालासँग बजेट र नीति तथा कार्यक्रममा सुझाव लिन आयोजित कार्यक्रममा नेपाली काग्रेसका नगर सभापति प्रमोदकृष्ण जोशीले अर्थविदहरू ल्यायर हाम्रा नगरभित्र भएका श्रोतलाई कसरी परिचालित गर्न सकिन्छ भनेर गुरू योजना बनाइ नगरबासीलाई आर्थिक रूपमा सक्षम बनाउन सके अरू विकास स्वत हुने बताउदै त्यसलाई नै प्राथमिकतामा राख्न आग्रह गरे । कार्यक्रममा राप्रपा नेपालका नगर उपाध्यक्ष राधेश्याम रायमाझीले कृषिलाई व्यवसायिकीकरण र रैथाने बालिको संरक्षणमा जोड दिदै धार्मिक पर्यटनको प्रवर्द्धन अहिलेको आवश्यकता रहेको औल्याए ।

निवर्तमान नगर उपप्रमुख खड्गबहादुर गोपालीले बस्तीस्तरबाटै योजना तर्जूमाको सुरूवात गर्न सुझाव दिए । उनले सार्वजनिक जग्गाको संरक्षणमा ध्यान नपुगेको गुनासो गरे । उनले भूमि बैंकको व्यवस्था गरि बाँझो जग्गा व्यवस्थापनको नीति लिनुपर्ने सुझाए । सहकारीको तर्फबाट बोल्दै सहकारी संजालका अध्यक्ष महेश्वर सुवेदीले कृषिमा किसान, नगरपालिका र सहकारी साझेदारी अनुदानको मोडल अपनाएर व्यवसायिक बनाउने बजेट व्यवस्थापन गर्नुपर्ने बताए । थाहानगर शिक्षक महासंघका अध्यक्ष राजाराम कार्कीले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न प्रतिस्पर्धाको माध्यमबाट प्रधानाध्यापक नियुक्ति गर्नुपर्ने धारणा राखे ।

नेकपा माओवादीका नगर उपाध्यक्ष प्रमोद गोपालीले विकासलाई उत्पादनसँग जोड्नु पर्नेमा जोड दिए । गोपालीले कृषि र पर्यटनको क्षेत्रमा लगानी बढाएर नागरिकको आम्दानी बढाउने नीति अवलम्बन गर्नुपर्ने बताए । थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष कविराज खत्रीले कृषि उत्पादनलाई सहज रूपमा बजार पुर्‍याउन र लघु उद्यमीलाई प्रोत्साहन गर्न बजेटको व्यवस्था गर्न नगरलाई आग्रह गरे ।

# महिलालाई रोजगारीमा जोड्दै हेटौंडा उपमहानगर

◆ विकास संवाददाता

रोजगारीको अभाबमा रहेका महिलाहरूलाईं रोजगारीमा ल्याउँदै आर्यआर्जनमा जोड्नका लागि हेटौंडामा सञ्चालन भएको बिभिन्न तालिमको समापन भएको छ ।

हेटौंडा उपमहानगरपालिकाको सहयोगमा गरिबी निवारणनका लागि लघुउद्यम कार्यक्रम (मेडपा) सञ्चालन गरेको बरफ, वेकरी र धुप बनाउँने तालिमको हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मीनाकुमारी लामाले समापन गरेकी हुन् । तालिमको समापन गर्दै नगर प्रमुख लामाले सिकेको सिपलाई निरन्तरता दिर्दै आय आर्जनमा जोडिन सुझाब दिइन् । उनले सिपले मानिसलाई आत्मनिर्भर बनाउँने भन्दै काम गर्ने क्रममा अहसज अवस्था आए उपमहानगर सहयोग गर्न तयार रहेको बताइन् । उनले भनिन्–'काम सुरू गरेसँगै तालिमको औचित्य पुष्टि हुन्छ ।' तालिमले मानिसलाई तिर्खार्दै लैजाने भन्दै नगर प्रमुख लामाले अहिले सिकेको सिपलाई व्यवहारमा उर्तार्दै लगे पछि फेरी आवश्यक तालिमको व्यवस्थापन उपमहानगरले गर्ने बताइन् ।

तालिममा बरफ तथा बेकरी सम्बन्धी सन्दिप न्यौपाने र धुपको बारेमा रिता श्रेष्ठले प्रशिक्षण दिएका थिए । सहभागीले



तालिम लिएपनि प्रयाप्त सिक्न र बनाउँने तरीकाको बारेमा जानकारी लिन नपाएको गुनासो गरेका थिए । उनीहरूले तालिमलाई थप प्रयोगात्मक बनाउनका लागि प्रशिक्षण थप्न जरूरी रहेको बताए ।

समापनमा हेटौंडा उपमहानगरका कानुनी सल्लाहकार इश्वराज ढकाल, उपमहानगरका उद्योग तथा सहकारी शाखाका प्रमुख हिमप्रसाद पौडेल लगायतको आतिथ्यता रहेको थियो ।

थाहा नगरपालिकाको सार्वजनिक सूचना ।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

व्यवसायिक कृषिले बनाउँछ सुखी ।

– निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
– खेतीयोग्य जमिन बाँझो नराखौं,
– लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेश मै व्यवसायिक कृषि र पशुपालन गरौं,
– व्यवसायिक कृषि उत्पादनमार्फत् आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी